धनुषाधाम नगरपालिका
धनुषाधाम ,धनुषा

बोलपत्र फारम

बिधुतिय बोलपत्र फारम दस्तुर रु.३,०००।००

नदि/खोलाजन्य पदार्थ बिक्री सम्बन्धी बोलपत्र फारम २०७९/८०

न्युनतम कबोल अंक रु.:-३५,०६,२५०।०० (मु.अ.क समेत)।

नदिजन्य सामाग्री उठाउन पाउने परिमाणः-८,२५,०००।०० घन फिट ।

ठेक्का अवधी :- चलान पुर्जी पाएको मितिले भोली पल्ट देखि २०८० जेष्ट मसान्तसम्मको लागी ।

१) ठेक्काको नाम :-यस नगरपालिकाको क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये वन क्षेत्र वाहेकको मुर्गीयाखोला,वालुवा खोला र मालटोलखोला बगर अन्तर्गत IEE प्रतिवेदनको आधारमा बोलपत्रले उत्खनन गर्न अनुमति दिएको परिमाण सम्मका लागी ढुङगा,गिट्टी,रोडा,वालुवाको बिक्री मुल्य असुली ।

२) किसिमः-ढुङगा,गिट्टी,रोडा,वालुवाको बिक्री मुल्य असुली ।

३) कबोल रकम रु.

| रकम रु.(अंकमा) | १३% भ्याट | जम्मा कबोल अंक रु. |
|---|---|---|
| | | |

४) कबोल रकम रु.(अक्षरमा) :-

५) धरौटी रकम रु.(अंकमा) :-

६) धरौटी रकम रु.(अंक्षरमा) :-

७) संल्गन कागजातहरुः-

क) नविकरण भएको कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि

ख) मुल्य अभिबृदी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

फर्मको आधिकारीक
व्यक्तीको सहिः

फर्मको छापः

पदः

नाम,थरः

स्थायी ठेगानाः

पत्राचार गर्ने ठेगानाः

ईमेलः

फोन नं.

नोट यो बालेपत्र फारम अनिवार्य भरी सहि छाप समेत गर्नुपर्ने छ ।

# धनुषाधाम नगरपालिका
# धनुषाधाम ,धनुषा

## नदिजन्य पद्धार्थ बिक्रीकालागी बिधुतिय बोलपत्र आहवानको सुचना

### प्रथम पटक प्रकाशीत मिति २०७९/०७/०४

स्थानिय सरकार संचालन ऐन २०७४,को दफा ६२क र धनुषाधाम नगरपालिकाको आर्थीक ऐन ,२०७७ को दफा १० को व्यबस्था बमोजिम तपसिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारीत मापदण्ड बमोजिम नदिजन्य पदार्थ संकलन गरी धनुषाधाम नगरपालिकाले तोकेको दरमा बिक्री गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र ,मुल्य अभिबृदी कर दर्ता भएको प्रमाणपत्र,आ.व.२०७७/७८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संल्गन गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभाभगी हुन सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

| सि. न. | ठेक्का नं. | विवरण | उल्लेखित परिमाण घन फिट | न्युनतम बोलपत्र रकम मु.अ.कर वाहेक | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | DM-NCB/G/01/2079-80 | मुर्गीयाखोला,वालुवा खोला र मालटोलखोला बगर बाट नदिजन्य पद्धार्थको बिक्री | ८,२५,०००।०० | ३५,०६,२५०।००( मु.अ.क समेत) | ३०००/- | आफुले कबोल गरेको रकमको ५ प्रतिशत | |

शर्तहरु

१. विक्री मूल्यको दररेट बोलपत्र फारम साथ उपलब्ध गराईनेछ र सो बोलपत्र फारममा अनिबार्य रूपमा दररेट भरी अपलोड गर्नुपर्नेछ ।

२. SBD नगरपीलकाले www.bolpatra.gov.np मा uopload गरेका पाना थान ४ कागजलाई मानिनेछ ।

३. बोलपत्र फराम खरीद र दाखिला माथि तोकिएको समय भित्र कार्यालय सयममा खरीद गर्न र दाखिला गर्न सकिने छ ।

४. ई विडिङको माध्यमबाट बोलपत्र दाखिला गर्ने व्यक्तिले ५ प्रतिशत धरौटी रकम यस नगरपालिका कार्यालयको नाममा रहेको एन.आई.सी.एशीया वैंकको खाता नम्वरग-३०३१२०५००२५३५८०१४ मा जम्मा गरि उक्त सक्कल भौचर इ बिड संगैअपलोडगर्नुपर्ने छ वा नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त "क" श्रेणीको वैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिनको मान्य म्याद अवधी भएको बिडवन्ड धरौटी स्वरुप पेश गर्नु पर्ने छ। साथै E- biddingमार्फत बोलपत्र खरीद गर्ने बोलपत्रदाताले बोलपत्र फारम खरीद गर्दा भुक्तानी गर्नुपर्ने रकम धनुषाधाम नगरपालिकाको एन.आई.सी.एशीया बैंकमा रहेको संचित कोष खाता नं ग-१-१ ०३१२०५००२५३५८००४ मा जम्मा गरी सो को भौचर समेत स्क्यान गरी पेश गर्नुपर्नेछ।

५. ढुंगा,गिटि,रोडा, बालुवा, माटो/भरोटको विक्री सम्बन्धी ठेक्का, ठेक्का अवधि सम्झौता भएको मिति देखी २०८० जेठ मसान्त सम्म कायम रहने छ।

धनुषाधाम नगरपालिका
धनुषाधाम ,धनुषा

६.बोलपत्रदाताले E-bid मार्फतबोलपत्रपेश गर्नु पर्ने छ । साथै बोलपत्र पेश गर्दा कम्तिमा पनि आ.ब.२०७७/२०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,स्थायी लेखा नम्बर भएको प्रमाणपत्रको प्रतिलिपी, व्यवसायी प्रमाणपत्रको प्रतिलिपी तथा अन्य आवश्यक कागजात पेस गर्नु पर्ने छ।

७. कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ। लेखिकएको अंक वा अक्षरलाई काट्नु परेमा पुन लेखि सहि छाप गर्नु पर्ने छ।

८.ठेक्का रकम एकमुष्ट रुपमा बुझाउनु पर्नेछ । किस्तामा बुझाउनका लागी पहिलो किस्ता ५० प्रतिशतर १.५ प्रतिशतTDS (सम्झौता रकम भन्दा बाहिर), दोस्रो किस्ता ३० प्रतिशत र अन्तिम किस्ता २० प्रतिशत कायम गरिएको छ। पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा, दोस्रो किस्ता फाल्गुण मसान्त भित्रमा र अन्तिम किस्ता चैत्र मसान्त भित्रमा बुझाई सक्नुपर्ने छ। किस्तामा बुझाउन चाहने व्यक्तिले नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त "क" श्रेणीको वैंकबाट यस कार्यालयको नाममा २०७९मंसिर मसान्त सम्मका लागि जारी भएको दोस्रो र तेस्रो किस्ता बराबरको बैक ग्यारेन्टी सम्झौता गर्दा कै बखतमा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ। सम्झौता गर्दा कै बखतमा एकमुस्ट रकम बुझाएमा १० प्रतिशत सम्मछुट दिईनसक्ने छ।

९.ठेक्केदारले भ्याट बापतको रकम आन्तरीक राज्श्व कार्यालयमा बुझाएको प्रमाण वा कबोल गरेको अंकको सरकारले तोकेको प्रतिशत बराबरको मु.अ.कर वापतको रकम नगरपालिकामा बुझाउनु पर्नेछ। यसरी नगरपालिकामा बुझाएको मु.अ.कर वापतको रकम नगरपालिका आफैले सम्बन्धीत ठेक्केदारको नाममा जम्मा गरी सो को प्रमाण ठेक्केदारलाई उपल्बध गराउनेछ।

१०. ठेक्कासंग सम्वन्धित रसिदहरु नगरपालिका स्वमं आफैले छपाई गरि यस नगरपालिका कार्यालयबाट प्रमाणीत गरि प्रयोग गर्नु पर्ने छ। कार्यालयबाट प्रमाणित नगरि रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारवाही हुनेछ।

११.IEE प्रतिवेदनमा उल्लेख भएका क्षेत्रहरु बाहेक अन्य कुनै पनि क्षेत्र वा कुनै व्यक्ति, मठ मन्दिर,विद्यालय ,कुलो बांध,बाटो आदिमा क्षति पुग्ने गरि खोलाजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन। साथै खोलाजन्य पदार्थ उत्खनन् पश्चात ढुवानी वा मौज्दात प्रयोजनका लागी कसैको निजि जग्गा प्रयोग गर्नु पर्ने भएमा सो बाट उत्पन्न हुने दायित्वका लागी नगरपालिका जवाफदेही हुने छैन। साथै सम्बन्धित व्यक्तिसंग इजाजत लिनु पर्ने भएमा स्वयम् ठेकदार आफैले लिनु पर्ने छ।

१२. तोकिएको मापदण्ड विपरित भुक्षय वा बाढी पहिरो जाने गरि खोलाजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन।

१३. नगरपालिककाका खोला क्षेत्रबाट उत्खनन् हुने परिमाणको विवरण र स्थान बोलपत्र फारम साथ उपलव्ध गराईनेछ। साथै पुल¸ कल्भर्ट¸ कज्वे¸ राजमार्ग,सडक तथा सार्वजनिक निर्माण स्थल आदिबाट तल माथि कम्तीमा ५०० मिटर सम्म खोलाजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन।

१४.सामान्यतया मेसीन प्रयोग गर्न पाईने छैन ।IEEप्रतिवेदनले मेसिन प्रयोग गर्न ईजाजत दिएकोस्थान र परिमाणको हकमा जिल्ला समन्वय समितीसँगको निर्देशनमा यस कार्यालयले तोकेको प्रबिधिक समितिले पेश गरेको प्रतिवेदनको आधारमा बिशेष अवस्थामामेसिन प्रयोग गरी खोलाजन्य पदार्थ उत्खनन् गर्न अनुमति दिन सक्ने छ।

१५.IEE प्रतिवेदनले उत्खनन् गर्न इजाजत दिएको परिमाणका लागी कार्यालयले जुन जुन स्थानलाई घाटगद्दिका लागि सिमा एकिन गरेको छ सो स्थानबाट खोलाजन्य पदार्थ उत्खनन् गर्दा लाग्ने लागत स्वयम् ठेक्दारले वहन गर्नु पर्ने छ।

१६. समय सापेक्ष कार्यालयले दिएका निर्देशन पालना गर्नुपर्ने छ। साथै मासिक रुपमा ठेक्दारले आफुले निकालेको खोलाजन्य पदार्थको विवरण यस कार्यालयलाइ बुझाउनु पर्ने छ।

१७.खोलाजन्य पदार्थ उत्खनन् गर्दा विहान सुर्योदय पश्चात र बेलुका सुर्यास्त अगाडी गर्नुपर्ने छ।

१८. बन्द हड्ताल जस्ता मानव सिर्जित तथा भुक्षय बाढी पहिरो भुकम्प जस्ता प्राकृतिक प्रकोपका कारणले सिर्जना भएका घटनाका कारणबाट हुने नोक्सानीका लागी कुनै क्षतिपुर्ति वा छुट मिनाहा दिईने छैन।

१९. एक कम्पनी वा फर्मले खरिद गरेको बोलपत्र फारम अर्को कम्पनी वा फर्मले प्रयोग गरी पेश गर्न पाइने छैन।

२०. विक्री मुल्य असुलीका लागी ढाट प्रयोग गर्न पाइने छैन।

२१. कार्यालयले आवश्यक ठानेमा कुनै कारण देखाइ वा नदेखाइ कुनै वा सवै वोलपत्र अस्वीकृत गर्न सक्ने छ।

२२. ढुंगा,गिटि,रोडा, बालुवा, माटो/भरोटको लगायतका नदिजन्य पद्धार्थ उत्तखनन ,ढुवानी लगायतमा प्रयोगहुने जनशक्तीहरूको सुरक्षा/ बिमा एवं दुर्घटना भएमा क्षतिपुर्तीको प्रबन्ध स्वम ठेक्केदार पक्षले गर्नुपर्नेछ ।

२३.IEEप्रतिवेदनले उल्लेख गरेका खोलाका नाका¸ नाकामा भएका खोलाजन्यपदार्थको परिमाण तथा दररेट वोलपत्र फारम साथ संलग्न गरिने छ।

(नोट:विस्तृत जानकारीको लागी यस कार्यालयको वेभ साईट www.dhanushadhammunicipality.gov.np मा समेत हेर्न सकिनेछ।

धनुषाधाम नगरपालिका
धनुषाधाम ,धनुषा

